## कार्यपालिकाको ५९ औं वैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो जननिर्वाचित पदाधिकारीहरु र नगरपालिकाबाट हालसम्म सम्पादित कार्यको वारेमा वैठकमा प्रमुख प्रशासकीय अधिकृतबाट भएको प्रस्तुतीको समीक्षा गरियो । नगरपालिकाबाट भएका असल अभ्यासको अनुसरण गर्दै अगाडि वढ्ने निर्णय गरियो ।

**निर्णय नं. २**

स्थानीय तहको दोस्रो निर्वाचनमा सक्रियतापूर्वक भाग लिने मन्थली नगरका सम्पूर्ण मतदाताहरु, निर्वाचन सम्पन्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्वाचन कार्यालयका कर्मचारीहरु, मतदान कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गराउन मतदान केन्द्रमा खटिएका कर्मचारीहरु, सुरक्षाकर्मीहरु लगायत सम्बद्ध सबै पक्षलाई धन्यवाद दिने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाभित्र रहेका प्रमुख वजार क्षेत्रलाई सफा राख्न स्थानीय समुदाय, टोल विकास संस्था, वडा कार्यालय, नगरपालिका, रामेछाप उद्योग वाणिज्य संघ, वजार व्यवस्थापन समिति र सम्बद्ध सबै पक्षलाई आवश्यकताका आधारमा परिचालन गर्ने ।

**निर्णय नं. ४**

नगरवासी र सेवाग्राहीको गुनासो सुनुवाई तथा सेवा प्रवाहको विषयमा जानकारीका लागि नेपाल टेलिकमसँग समन्वय गरी निशुल्क हटलाईन टेलिफोन सेवा टोल फ्रि नम्वर सेवा सञ्चालनमा ल्याउने ।

**निर्णय नं. ५**

नगरपालिकाभित्र रहेका गर्भवती महिलालाई सुरक्षित प्रसुती सेवा उपलब्ध गराउन निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउने र यसका लागि नगरपालिकाको एम्वुलेन्स सेवा सञ्चालन कार्यविधि २०७८ मा शंसोधन गरी नगरभित्रका गर्भवती महिलाको प्रसुती सेवाका लागि

नगरभित्रका स्वास्थ्य संस्था र रामेछाप अस्पताल रामेछाप वजारमा लैजादाको एम्वुलेन्स सेवा निशुल्क हुने व्यवस्था थप गर्ने ।

**निर्णय नं. ६**

मन्थली नगरका प्रमुख वजारका घनावस्तीहरुमा विद्युतबाट सञ्चालन हुने हेलोजिन लाईटका सडक वत्ती जडानको विषयमा सम्भाव्यता अध्ययन र लागत इस्टमेटको तयारी गर्ने नगरपालिकालाई निर्देशन दिने ।

**निर्णय नं. ७**

वर्षाका कारण मन्थली नगरले विगतमा भोगेका क्षतिको समेतका आधारमा सम्भावित विपदको क्षति न्यूनिकरण र व्यवस्थापनका लागि जनशक्ति, व्याक हो लोडर, एम्वुलेन्स लगायतका मेशिन उपकरण तयारी हालतमा राख्ने साथै सम्भावित विपदको न्यूनिकरण र व्यवस्थापनका लागि नगरस्तरीय विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिले समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

**निर्णय नं. ८**

मन्थली नगरमा सञ्चालित सामुदायिक विद्यालयको पठन पाठनमा समयानुकुल सुधार गर्ने अभिभावक र छात्रछात्राहरुमा देखिएको अंग्रेजी शिक्षाको आकर्षण समेतलाई व्यवस्थापन गर्ने जनशक्ति र विद्यार्थीहरुको क्षमताको आधारमा १ कक्षा देखि क्रमशः ५ कक्षासम्म गणित र विज्ञान जस्ता मुख्य विषय अनिवार्य रुपमा अंग्रेजी माध्यमबाट अध्यापन गराउन सबै विद्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं. ९**

हालै वागमति प्रदेश सरकारबाट जारी अध्यादेशका आधारमा सो अध्यादेश बमोजिम योग्यता पुगेका मन्थली नगरपालिका अधिकृत छैटौ पदमा कार्यरत उज्वल पोखरेललाई सातौ तहमा तह कायम गर्ने ।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

**निर्णय नं. १०**

स्थानीय राजश्व परामर्श समितिका कार्यपालिकाबाट मनोनयन हुने सदस्यहरुमा देहायका पदाधिकारी मनोनयन गर्ने ।

(क) खुला सदस्य श्री खिलेन्द्र वहादुर खत्री मनपा १२

(ख) महिला सदस्य श्री कुमारी सार्की मनपा १४

**निर्णय नं. ११**

सुनापति गाँउपालिकाको आमन्त्रणमा तेश्रो सुनापति गाउँपालिका अध्यक्ष कप २०७८ मा मन्थली नगरपालिकाबाट भाग लिन जाने खेलाडीहरुको भाग लिन जाँदा भएको खर्चको पेश भएको विल भरपाई बमोजिमको औचित्य हेरी न्युनतम खर्च उपलब्ध गराउने ।

**निर्णय नं. १२**

मन्थली नगरपालिकाभित्र सञ्चालनमा रहेका विद्यालयहरु आइतवार पनि खुला गरी पठन पाठन गराउन सबै विद्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं. १३**

अनलाईन व्यक्तिगत घटना दर्ता सबै वडा कार्यालयबाट सञ्चालन गर्ने र सम्पती कर लगायतका राजश्वहरु वडा कार्यालयबाट संकलन गर्ने आवश्यक इन्टरनेट सेवा, सफ्टवयर र दक्ष जनशक्तिको व्यवस्था गर्दै क्रमशः विस्तार गर्ने ।

२०७८।१२।१८